**ISSN 2505-0974**

# रसप्रयोगका दृष्टिले मुनामदन खण्डकाव्य

**डा.बच्चुराम भट्टराई**
**उपप्राध्यापक**
**पशुपति बहुमुखी क्याम्पस**
**Email: bachchu.bhattrai@gmail com**

**सार**

लक्ष्मीप्रसाद देवकोटाद्वारा नेपाल भाषाको एउटा कथात्मक गीतलाई प्रेरणास्रोतका रूपमा ग्रहण गरी सिर्जित मुनामदन मुना र मदनको शाश्वत प्रेमको महिमा गायन गरिएको सर्वाधिक लोकप्रिय अमर कृति हो । आत्मिक प्रेम शाश्वत हुन्छ भन्ने केन्द्रीय कथ्यलाई आधारभूमि बनाई समाजलाई मानवता र कर्ममा प्रवृत्त गराउनु प्रस्तुत काव्यको अभीष्ट देखिन्छ । प्रस्तुत अनुसन्धानात्मक लेख मुनामदनमा के-कस्ता भाव तथा रसको प्रयोग कसरी गरिएको छ भन्ने मूल समस्या समाधानका लागि भएकाले यसमा विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । नायक मदन पत्नी मुनाले धनको पछि लागेर मनको सन्तुष्टि नत्याग्न अनेक आग्रह गर्दा पनि आर्थिक कमजोरीका कारण त्यसको पर्वाह नगरी परदेश गएपछि पत्नी र आमाको निधन भएको र उनीहरुको विरहमा नायककै पनि मृत्यु भएको कारुणिक अवस्थाको चित्रणमा यसको कथावस्तु टुङ्गिएको छ । उल्लिखित घटना तथा प्रसङ्गहरूमा विभिन्न भाव तथा रस अभिव्यक्त हुँदै काव्यको अन्त्यमा पुग्दा कृति कारुणिक एवं दुःखान्त बनेको पाइन्छ । यसको मुख्य स्थायीभाव शोक अभिव्यक्त भई करुणरस परिपाक भएपछि अन्य रस तथा भावहरू करुणमै पर्यवसित हुन पुगेको देखिन्छ । खण्डकाव्यकारले मूल अभीष्टसिद्धिका लागि विविध भावको आधान गर्दै करुणरसको अभिव्यञ्जना गरेका छन् । खण्डकाव्यमा प्रयुक्त विप्रलम्भ शृङ्गार, संयोग रति, रौद्र, वीर, भयानक, अद्भुत, शान्त र वात्सल्यरस जस्ता अङ्गरस र भक्ति,परारतिभाव साथै काव्यमा प्रयुक्त रसका विभाव, अनुभाव तथा सञ्चारीभाव घटना तथा प्रसङ्गानुसार जागृत-उद्दीप्त-अभिव्यक्त हुँदै अन्त्यमा करुणरसलाई कृतिको अङ्गीरसका रूपमा स्थापित गराउन सहकारी बनेका छन् । कृतिमा प्रयुक्त अङ्ग र अङ्गीरसको दृष्टान्तद्वारा पुष्टि गरिएको छ ।

**शब्दकुञ्जी :** अभिव्यञ्जना, उद्‌बुद्ध, परिपाक, रससामग्री, सहृदय, स्थायीभाव ।

## विषयपरिचय

मुनामदन नेपाली साहित्यका युगान्तकारी स्रष्टा महाकवि लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६-२०१६) द्वारा वि.सं. १९९२ मा प्रकाशित भएको भनेर मानिएको नेपाली साहित्यकै सर्वोत्कृष्ट अमर खण्डकाव्य हो । प्रस्तुत कृति स्वयं देवकोटालाई अत्यधिक प्रिय रहेको पाइन्छ । यसका बारेमा कमलमणि दीक्षितले 'देवकोटा स्वर्गे हुनुभन्दा केही दिनअघि 'शान्तभवन' अस्पतालमा उहाँले भन्नुभएको थियो रे "मुनामदनबाहेक मेरा अरू सबै कृति जलाइदिए पनि हुन्छ" भनेर उल्लेख गरेका छन् (प्रकाशकीय) । प्रकाशन वर्षदेखि आजसम्म पनि प्रस्तुत कृति देश-विदेशमा समेत सर्वाधिक लोकप्रिय र प्रसिद्ध भएको पाइन्छ । मुनामदन कठमाडौँको एक गरिब परिवारको जिम्मेवार युवक, उसकी पत्नी र आमाका साथै अन्य अनुकूल तथा प्रतिकूल पात्रहरूको संयोजनबाट संरचित छ । यसको प्रेरणास्रोत नेपालभाषाको एक असारे गीत भएको उल्लेख पाइन्छ । यसको स्रोतका सम्बन्धमा दयाराम श्रेष्ठ (२०६६) ले 'नेवारी लोकगीत 'जि वया ला लछि मदुनि' र 'मुनामदनलाई आआफ्ना स्थानमा महत्त्व दिएर तुलनात्मक अध्ययन गरेका छन् । मुनामदनको प्रेरणास्रोत नेवारी लोकगीत भए तापनि देवकोटाको उर्वर प्रतिभाको प्रयोगले गर्दा यो कृति नेपाली साहित्यको एक महान् उपलब्धि बनेको छ' (पृ.१९८) भन्ने उल्लेख गरेका छन् । प्रस्तुत काव्य नायक मदन र नायिका मुनाका संवादबाट अघि बढेको छ । नायकको भोट जाने तयारीबाट प्रारम्भ भएको यस काव्यको कथानक नायिकाले भोट नजानका लागि अनेक आग्रह गर्नु, मदनले भोटको यात्रा गर्नु, धन आर्जन गर्नु, केही समय भोटमै रुमल्लिनु, घर फर्किने क्रममा बाटामा बिरामी पर्नु, सहयात्री साथीहरूले परिस्थितिवश बाध्य भएर बिरामी अवस्थामै उसलाई छाडेर जानु, त्यहीँको एक सज्जन भोटेले आफ्नो घरमा लगेर उपचार गरेर निको पार्नु, निको भएर घर फर्कनु, घरमा पुग्दा नायिकाको मृत्यु भइसक्नु र अन्तिम अवस्थामा पुगिसकेकी आमाको पनि निधन हुनु जस्ता घटना तथा सन्दर्भमा पुगेर अन्त्य भएको छ । नायक जसका निम्ति धन कमाउन परिवार छाडेर परदेसिएको हो उनीहरूबाटै सदाका लागि बिछोडिनु पर्दाको असह्य दारुण अवस्थाबाट सिर्जित वियोगको पीडा सहन नसकी अन्न-जलसमेत त्यागेर मृत्यु वरण गर्दासम्मका कारुणिक घटना तथा प्रसङ्ग नै समग्रमा यस काव्यको मुख्य कथावस्तु हो । काव्यको

नायक गरिबीका कारण परिवारलाई छाडेर अनेक दुःख र कष्ट खप्दै परदेसिन बाध्य हुन्छ । उसको अनुपस्थितिमा परिवारमा विभिन्न कारुणिक अवस्थाको सिर्जना हुँदै जान्छन् र यसको मर्मान्त चित्रणमा शोक स्थायीभाव उद्‌बुद्ध भएको पाइन्छ । जर्जर आर्थिक अवस्थाका कारण जिजीविषालाई शमन गर्नुपर्ने बाध्यताको चित्रण काव्यमा कुशल ढङ्गले गरिएको छ । यस काव्यमा जीवनबोध तथा मानवतावादी दृष्टिकोणको विस्तार सोह्र अक्षरको एक पाउ र दुई पाउको एक श्लोक हुने नेपाली झ्याउरे छन्दका सुन्दर पङ्क्तिद्वारा गरिएको छ । जर्जर आर्थिक अवस्थाका कारण ल्हासा गएको नायक धन कमाएर घर फर्कने क्रममा घनाजङ्गलको बिचमा हैजाका कारण थला पर्छ । त्यहीं अलपत्र अवस्थामा छाडेर फर्केका साथीहरूले उसको मृत्यु भइसकेको अनुमानका आधारमा टोल-छिमेकमा हल्लासमेत फैलाउँछन् । त्यो खबर गुन्डाले मुनाको कानमा पार्छ र एक्कासि सुनेको हल्लाकै कारण चोट सहन नसकी मुनाको मृत्यु हुन्छ । उता मानवतावादी भोटेको निष्कपट सेवा र उपचारबाट निको भएको नायक घरमा आइपुग्दा पत्नीको निधन भइसकेको छ र आमाको पनि मृत्युशय्यामा छटपटाउँदै छोराको अनुहार हेरेर मृत्यु हुन्छ । आफ्नो परिवारको बीभत्स अन्त्यको दारुण चोट सहन नसकेर नायकको पनि निधन भएको छ । यसमा मुना र मदनका अतिरिक्त आमा, भोटे, दिदी, गुन्डा, नैनी आदि पात्रका भूमिकाबाट काव्यमा विविध स्थायीभाव एवं रस जागृत भएका छन् । ती भाव तथा रसले अन्त्यमा करुणरसको विकासमा सहयोग पुऱ्याएको पाइन्छ । यसै सन्दर्भमा यस खण्डकाव्यमा कुन कुन रस एवं भाव अभिव्यक्त भएका छन् अर्थात् कुन प्रसङ्गमा कस्ता रसको आधान गरिएको छ भनी विश्लेषण गर्नु प्रस्तुत अध्ययनको अभीष्ट हो ।

यस अनुसन्धानात्मक लेखमा भरतमुनि सन् (२०६७) को नाट्यशास्त्रको 'विभावानुभावव्यभिचारिसंयोगाद्रस निष्पत्तिः' (पृ.२२८) भन्ने सूत्रमा वर्णित रससामग्रीलाई काव्यको विषयवस्तुसँग संयोजन गरी रसहरूको निरूपण गरिएको छ । यसमा प्रमुख रूपमा मुनामदनमा रसको संयोजन र अभिव्यक्ति कसरी भएको छ भन्ने जिज्ञासाको उत्तर खोज्नु नै मुख्य समस्या हो । पौरस्त्य काव्यशास्त्रलाई आधार मानेर प्रस्तुत कृतिबारे गरिएका पूर्वकार्यको अध्ययनबाट देखिएको शोध अन्तराललाई मध्यनजरमा राखी त्यसको परिपूर्तिको प्रयोजनार्थ यो शोधकार्य लक्षित छ । यसमा रस सिद्धान्तका अन्य पक्ष एवं खण्डकाव्यका अन्य तत्त्वलाई समेटिएको छैन । काव्यको विषयवस्तुबाहेकका अन्य तत्त्वलाई पनि विस्तारमा समेट्न सकिएको छैन ।

यी तत्त्वलाई अनुच्छेदगत सामान्य चर्चामा सीमित गरिएको छ । प्रस्तुत अध्ययन मूलतः काव्यको विषयवस्तुलाई नै आधार मानेर विभावादिका आधारमा कृतिमा प्रयुक्त भाव, अङ्गरस तथा अङ्गीरसको निरूपणमा केन्द्रित छ । प्रस्तुत अध्ययनमा मुनामदन खण्डकाव्यको प्रामाणिक पाठलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने द्वितीयक सामग्रीअन्तर्गत रससिद्धान्तसम्बद्ध सामग्रीलाई मानक रूपमा हेरिएको छ । सैद्धान्तिक आधारका निम्ति रससम्बन्धी पौरस्त्य साहित्यसिद्धान्तका स्थापित र प्रचलित अवधारणालाई लिइएको छ । यसै गरी यस लेखमा रसलाई तथा खण्डकाव्यको विधासिद्धान्तसम्बन्धी अन्य विद्वान्का विभिन्न ग्रन्थ एवं अनुसन्धानमूलक लेखहरूलाई यथास्थान सान्दर्भिक मात्र बनाएर प्रस्तुत गरिएको छ । यसमा आवश्यक सामग्रीहरूको सङ्कलन मुख्यतः पुस्तकालयीय कार्यबाट नै गरिएको छ । यस लेखमा निगमनात्मक विधिको उपयोग गर्दै गुणात्मक विधिलाई महत्त्व दिइएको छ । कृतिको विवेचनाका लागि विश्लेषणात्मक विधि अवलम्बन गर्दै यस कृतिमा प्राप्त रससामग्रीका आधारमा विभिन्न अङ्गरसका साथै अङ्गीरसको स्थितिको अनुसन्धान गर्ने काम गरिएको छ ।

**सैद्धान्तिक पर्याधार**

रससिद्धान्तलाई काव्यशास्त्रमा स्थापित विभिन्न वाद तथा सिद्धान्तमध्ये प्रमुख मानिएको छ । यसलाई पूर्वीय साहित्यसिद्धान्तकै गौरवमय एवं महत्तम स्थान दिइएको छ । वैदिक कालदेखि नै रस शब्दको प्रयोग हुँदै आएको पाइन्छ । पूर्वीय साहित्यमा रसलाई साहित्यको मूलभूत उद्देश्यका रूपमा लिने परिपाटी देखिन्छ । रस शब्दको प्रथम प्रयोग ऋग्वेदमा भएको पाइन्छ । साहित्यशास्त्रीय रूपमा चाहिँ काव्यका प्राणतत्त्वको अर्थमा प्रयोग र प्रतिपादन गर्ने पहिला आचार्य भरतमुनिलाई मानिन्छ । भरतले प्रथमतः नाट्यशास्त्रको चर्चा गर्ने क्रममा नै रससिद्धान्तको विवेचना गरेका छन् । उनले साहित्यका विविध विधामध्ये रसलाई अनिवार्य तत्त्वका रूपमा लिएका छन् । यसको सम्बन्ध कुनै न कुनै रूपमा पूर्वीय साहित्यका अन्य वाद तथा सम्प्रदायसित रहेको पाइन्छ । पूर्वीय काव्यशास्त्रको प्राचीन परम्परा, गौरव र सर्वस्वीकार्यताको आधारस्तम्भका रूपमा स्थापित रस मनोविज्ञानसँग पनि सम्बन्धित भएकाले पाश्चात्त्य काव्यशास्त्रीहरूबाट पनि स्वीकृत विषय हो । रसलाई आनन्दतत्त्वका रूपमा लिइने हुनाले साहित्यशास्त्रसँग यसको विशेष सम्बन्ध रहेको देखिन्छ । यसै सन्दर्भमा रसवादी स्रष्टा लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित मुनामदन खण्डकाव्यमा रसको प्रयोग के कस्तो रहेको छ त्यसको निरूपण गर्न काव्यशास्त्रीय

मान्यतामा आधारित भएर विभावादि रससामग्री र काव्यको रसपोषक तत्त्वका रूपमा रहेको विषयवस्तुको विश्लेषण गरिएको छ । नवरसमध्ये प्रस्तुत कृतिमा प्रयुक्त शृङ्गार, करुण, रौद्र, वीर, भयानक, अद्‌भुत र शान्त तथा नवरसका अतिरिक्त वात्सल्यरस एवं परारति र भक्तिभाव रहेको तथ्यलाई यस अनुसन्धानले पुष्टि गर्ने प्रयास गरेको छ । यहाँ कृतिमा प्रयुक्त रसको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

## विमर्श र परिणाम

मुनामदनको एउटा विवेच्य पक्ष रस हो । यसमा अङ्गीरस र अङ्गरसको विधान भएको छ । यस लेखसार दुवै वर्गका रसको विश्लेषण गरी सोदाहरण करुणरसलाई अङगीरसका रूपमा स्थापित गरिएको छ । रसको सङ्क्षिप्त स्वरूप एवं रससामग्रीको परिचय प्रस्तुत गरी खण्डकाव्य करुणरसका दृष्टिले प्राप्तिपूर्ण भएको निष्कर्ष निकालिएको छ ।

यस कृतिमा प्रयुक्त रसको सङ्क्षिप्त परिचय यहाँ प्रस्तुत गरिएको छ :

### क. शृङ्गाररस

रति (प्रीति) स्थायीभाव हुने रसलाई शृङ्गाररस भनिन्छ । यसका बारेमा शर्मा (२०५८) ले 'शृङ्गाररस दुई किसिमको हुन्छ- १. विप्रलम्भ शृङ्गार २. सम्भोग शृङ्गार । जसमा रति (प्रेम) भने पूरा छ तर आफ्नो प्रिय वा प्रियाको लाभ भने भएको छैन, यो पूर्वराग, मान प्रवास करुण गरी चार प्रकारका छन्' भन्ने उल्लेख गरेका छन् ( पृ.१५२) ।

### ख. करुणरस

शोक स्थायीभाव हुने रसलाई करुणरस भनिन्छ । भवभूतिले 'रस भन्नु एउटै करुण मात्र हो, यो अवस्थाअनुसार अनेक भएर देखिने मात्र हो' भनेका छन् (विश्वनाथ, सन् २०१३, (पृ.११८) । प्रस्तुत कृतिको अङ्गीका रूपमा करुणरस परिपाक भएको देखिन्छ ।

### ग. रौद्ररस

क्रोध स्थायीभाव हुने रस रौद्ररस हो । गुरुजन वा आत्मीयजनको अपमान, वध आदि अनिष्ट कार्य भएमा रौद्ररसको अभिव्यक्ति हुने उल्लेख गरेका छन् (पृ.६०) ।

### घ. वीररस

उत्साह स्थायीभाव हुने रसलाई वीररस भनिन्छ । विश्वनाथले 'वीररस दानवीर, धर्मवीर, युद्धवीर र दयावीर गरी चार प्रकारको हुने' उल्लेख गरिएका छ ( उपाध्याय २०६७,पृ.६०) ।

### ङ. भयानकरस

भय स्थायीभाव हुने रस भयानकरस हो । आचार्य भरत (सन् २०६७) ले 'भयानकरसको उत्पत्ति भयप्रद जन्तु, घटना वा दृश्य देखेर मनमा हुने' बताएका छन् (नाट्यशास्त्र, पृ.३४०) ।

### च. अद्‌भुतरस

विस्मय/आश्चर्य स्थायीभाव हुने रस अद्‌भुतरस हो । सहाय हीरा (सन् १९६७) ले 'आश्चर्यजनक वस्तुहरू देख्दा अद्‌भुतरसको उत्पत्ति हुन्छ । लोकोत्तर वस्तु अथवा घटनाबाट पनि अद्‌भुतरस उत्पन्न हुने' उल्लेख गरेका छन् ( पृ.४०१) ।

### छ . शान्तरस

शम स्थायीभाव हुने रसलाई शान्तरस भनिन्छ । भरत (सन् २०६७) ले 'रति आदि भाव विकार हुन् तर शान्त (शम) प्रकृति हो' भनेका छन् (नाट्यशास्त्र, पृ.३६३) ।

## रसभेद र रससामग्री

पूर्वीय काव्यशास्त्रमा रससङ्ख्याका विषयमा सर्वमान्य मत छैन तापनि नौ रसको प्रसिद्धि छ । यी रसका लागि नौओटा स्थायीभावका साथै अन्य भावहरू पनि हुन्छन् । नौ रस र भाव वा रससामग्रीको स्वरूपलाई यस प्रकार प्रस्तुत गर्न सकिन्छ ।

### ज. वात्सल्यरस

वात्सल्य नै स्थायीभाव हुने रसलाई वात्सल्यरस भनिन्छ । यसको चमत्कारमा अन्य रसको चमत्कारभन्दा भिन्नै प्रकारको आनन्द प्राप्त हुन्छ । विश्वनाथ (सन् २०१३ , ३-२५१) । उल्लिखित रसका अतिरिक्त भक्ति र परारतिभाव पनि मुनामदनमा विविध प्रसङ्गमा जागृत भएका छन् । नाट्यशास्त्रमा वर्णित 'तत्र विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिः' (भरत, २०६७, पृ.२२८) । अनुसार विभाव, अनुभाव र सञ्चारी/व्यभिचारीभावका संयोगबाट रसको अभिव्यक्ति हुन्छ । यिनै रससामग्रीको संयोगबाट रसको उत्पत्ति हुने

हुनाले रसतत्त्वलाई प्रमुख सैद्धान्तिक आधारका रूपमा र काव्यको कथावस्तुले सहयोगी भूमिका खेल्ने हुनाले यसलाई गौण सैद्धान्तिक आधारका रूपमा अपनाइएको छ । यसमा प्रयुक्त रसका साथै रससामग्री एवं खण्डकाव्यको विषयवस्तुलाई संयोजन गर्दै विश्लेषणात्मक ढाँचा अँगालिएको छ। तल रसका सामाग्रीहरूको सङ्क्षिप्त चर्चा गरिएको छ ।

**क.स्थायीभाव**

सहृदयका हृदयमा सधैँ स्थिर रूपमा रहने चित्तवृत्तिलाई स्थायीभाव भनिन्छ । डा. नरेन्द्र (सन् २००१) ले स्थायीभाव मात्र रसदशाको स्थितिमा पुग्छ किनभने प्रत्येक सहृदयको चित्तमा वासनाका रूपमा विद्यमान रहने हुनाले स्थायीभावको नै साधारणीकरण हुन्छ भन्ने उल्लेख गरेका छन्, (रस-सिद्धान्त,पृ.२१९) । स्थायीभावहरू सर्वमान्य रूपमा रति, शोक आदि नौ प्रकारका छन् ।

**ख. विभाव**

मानिसका मनमा वासनात्मक रूपमा रहेका रति आदि भावलाई जागरुक बनाएर रसरूपमा पुर्‍याउने व्यक्ति, परिवेश आदिलाई विभाव भनिन्छ। मम्मटले ‘रसानुभूतिको कारणलाई विभाव भनिन्छ यो आलम्बन र उद्दीपन गरी दुई प्रकारको हुने’ बताएका छन् (काव्यप्रकाश, उ.४,पृ.९८) ।

**ग.अनुभाव**

स्थायीभावको अनुभव गराउने चेष्टालाई अनुभाव भनिन्छ। विश्वनाथ (सन् २०१३) ले ‘आलम्बन, उद्दीपन आदि कारणबाट उत्पन्न भावहरूलाई बाहिर प्रकाशित गराउने कार्यलाई अनुभाव भनेका छन् (पृ.२००) ।

**घ. सञ्चारी/व्यभिचारीभाव**

अस्थिर वा सञ्चरणशील भावलाई सञ्चारी या व्यभिचारीभाव भनिन्छ। पात्रका मनमा उत्पन्न मनोदशाको उत्कर्षावस्था देखाउने र स्थायीभावलाई रसावस्थामा पुर्‍याउन सहकारीको काम सञ्चारीभावले गर्छन् । भरत (सन् २०६७) ले ‘निर्वेद, ग्लानि, हर्ष, शङ्का आदि तेत्तिस ओटा सञ्चारीभाव हुने’ उल्लेख गरेका छन् (नाट्यशास्त्र, पृ.२२२) । प्रस्तुत विवेच्य काव्य करुणरसप्रधान भएकाले यसमा मूलतः चिन्ता, विषाद, आवेग, जडता, मोह, अपस्मार, ग्लानि, स्मृति आदिका साथै रसानुकूल सञ्चारीभावहरूले आ-आफ्ना स्थायीभावको विकासमा सहयोग गर्दै अन्त्यमा करुणरसको अभिव्यक्तिमा सहयोग गरेका छन् ।

**मुनामदनमा रसप्रयोग**

मुनामदन नेपाली साहित्याकाशका सर्वोच्च प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटाको मौलिक सर्वप्रिय खण्डकाव्य हो । यसको प्रकाशनसँगै नेपाली साहित्यमा पाश्चात्त्य दर्शन स्वच्छन्दतावादको प्रयोगको थालनी भएको मानिन्छ । काठमाडौँको मध्यमवर्गीय परिवारको कमजोर आर्थिक अवस्थाका कारण घरको मुख्य आधार नै धन कमाउन विदेसिन बाध्य हुनुपर्दा आइलाग्ने पारिवारिक दुःखद घटना यसमा समेटिएको छ । यसको नायक मदन पनि साहुको ऋणबाट मुक्त हुन, बुढी आमाका यात्रीहरूका लागि धारा, पाटी बनाएर पुण्य कमाउने इच्छा पूरा गरिदिने र पत्नीलाई गरगहनाले सुशोभित पार्ने भित्री इच्छाका कारण ल्हासातिर लाग्छ। यसै बिच ऊ ल्हासा गएदेखि फर्केर घर आइपुग्दासम्मका र अन्त्यमा उसको मृत्यु भएको प्रसङ्गमा पुगेको प्रस्तुत काव्य वियोगान्त कथावस्तुमा आधारित छ । यस काव्यकी नायिका मुनाले पतिले धनका लागि परदेश जाने विचार र अठोट नै गरेपछि धनको पछि नलाग्न र आत्मिक प्रेममा रमाउन अनेक तर्क एवं अनुनय गर्छे। आदर्शका कुराले दैनिक समस्या नटर्ने प्रत्युत्तर दिँदै आफू छोटो समयमै फर्कने आश्वासन दिएर ल्हासातिर लागेको नायक धन कमाएर केही समय त्यहाँको रमाइलोमा भुल्छ । उसलाई साथीहरूले बिरामी अवस्थामा निर्जन जङ्गलको बिचमा छाडेर फर्कन्छन् । त्यहीँको एक सज्जन भोटेले आफ्नो लगेर निस्वार्थ भावले उपचार गरी तन्दुरुस्त भएपछि परिवारको सम्झनाले पिरोलिएको मदन घर फर्कन्छ। मदन मरेको झुठो खबर गुन्डाले नैनीका माध्यमबाट घरमा मुनाको कानमा पारिदिन्छ। प्राणभन्दा पनि प्यारो पतिको मृत्युको चोट सहन नसकी उसको मृत्यु हुन्छ । आमाको पनि अन्तिम श्वास मात्र बाँकी रहेको अवस्थामा घर आइपुगेको मदनकै सामु प्राण जान्छ । आउँदा-आउँदै आमाको मरण भएको र आमाको त्यस्तो अवस्थामा सँगै हुनुपर्ने मुनालाई पनि नदेखेको दुरवस्थामा शोकको भल बगेको देखिन्छ । प्राणप्यारी पत्नीले पनि मृत्यु वरण गरिसकेको जानकारी पाउनासाथ बिलौना गर्दै मूर्च्छा परेको मदन दैवको झटारो आफैँमाथि बज्रेको देख्दा आफू पनि अन्न-जल त्यागेर स्वर्गमै परिवारसँग भेट्ने निष्कर्षमा पुग्छ । उसले देह त्याग गरेको प्रसङ्गमा पुगेर काव्यको कथावस्तु सकिएको देखिन्छ। उल्लिखित पात्र, घटना तथा प्रसङ्गहरूमा विभिन्न स्थायीभाव जागृत, उल्लसित, उद्बुद्ध हुँदै अन्त्यमा शोक स्थायीभाव परिपाक भएको पाइन्छ। काव्यको आरम्भबाट नै विप्रलम्भ शृङ्गार नायिकाको मृत्युपूर्वका अधिकांश प्रसङ्गहरूमा विकीर्ण रूपले उद्दीप्त-उद्बुद्ध भएको पाइन्छ। कतैकतै भने संयोग शृङ्गारको पनि

उदय भएको छ । अन्य प्रसङ्गहरूमा रौद्र, वीर, भयानक, अद्भुत, शान्त, वात्सल्यका साथै भक्ति र परारतिभाव पनि उल्लसित छन् । नेपाली झ्याउरे लयका सुन्दर पङ्क्तिहरूद्वारा विस्तारित यस गेयात्मक काव्यमा भाव तथा भाषाको उचित प्रयोग भएको देखिन्छ । करुणरसप्रधान यस काव्यमा प्रयुक्त रसलाई अङ्गरस र अङ्गीरसका आधारमा विभक्त गरी विश्लेषणको आधार तयार गरिएको छ ।

**अङ्गरस**

मुनामदनमा विभिन्न अङ्गरसको कुशल प्रयोग भएको देखिन्छ । यिनले कथावस्तुअनुसार जागृत-उद्दीपित हुँदै काव्यको मुख्य रस करुणको अभिव्यक्तिमा उपकारकको भूमिका खेलेको पाइन्छ । यसमा मुख्यतः शृङ्गार, रौद्र, वीर, भयानक, अद्भुत, शान्त र वात्सल्यरसका साथै भक्ति र परारतिभावहरू अङ्गका रूपमा प्रयुक्त छन् । काव्यको आरम्भ नै विप्रलम्भ शृङ्गारको अभिव्यक्तिबाट भएको छ । यस सम्बन्धमा भट्टराई (२०६६) ले 'मुनामदनमा नायिका र नायकका रूपमा रहेका मुना र मदन एकै ठाउँमा बसिरहेको अवस्थाको वर्णनमा समेत विप्रलम्भ शृङ्गारको अनुभूति हुन्छ, संयोग शृङ्गाररसको अभिव्यक्ति हुँदैन । उनीहरूलाई सँगै रहेको अवस्थाले सुख दिनुको सट्टा आसन्न वियोगले बढी सताइरहेको छ र परिणाम त्यस्ता अवस्थाको वर्णनले सहृदयी (भावक) लाई विप्रलम्भ शृङ्गारको अभिव्यक्ति गराइरहेको छ' भन्ने विचार व्यक्त गरेका छन् (पृ.२१०) । घरको आर्थिक अवस्था कमजोर भएका कारण धन कमाउने उद्देश्यले ल्हासा जान लागेको पतिबाट टाढिनु पर्ने अवस्था सिर्जना हुँदा मुना पतिलाई नजानका लागि अनेक आग्रह गर्छे । उसका अनुनय-विनयमा र धनका पछि नलागी आत्मिक सन्तुष्टिका साथ साग, सिस्नु खाएर पनि जीवन धान्न सकिने तर्कहरू प्रस्तुत गर्दाका हरेक प्रसङ्गमा विप्रलम्भ शृङ्गार अभिव्यक्त भइरहन्छ । मुनाका पति र सासूसँगका सबै संवाद विप्रलम्भात्मक छन् । काव्यमा विप्रलम्भ शृङ्गारको अभिव्यक्ति मुनाको मृत्यु भई करुणरसको परिपाक भएपछि मात्र समाप्त भएको पाइन्छ । मुनाको उपस्थितिका अधिकांश पल विप्रलम्भ शृङ्गारको उद्दीप्तिमै सहयोगी बन्दा काव्य नै झन्डै विप्रलम्भ शृङ्गाररसप्रधान कृति हो कि भन्ने द्विविधामा पार्ने स्थिति देखिन्छ । प्रकीर्ण रूपमा काव्यभरि उद्बुद्ध-उद्दीप्त विप्रलम्भ शृङ्गार अनायासै नायिकाको मृत्युको प्रसङ्गमा पुग्दा करुणरसको परिपाकमा सहयोगी बन्न पुगेकाले काव्यमा प्रयुक्त अङ्गरसमध्ये प्रमुख बनेको पाइन्छ ।

काव्यमा प्रयुक्त अर्को अङ्गरस रौद्ररस हो । क्रोध स्थायीभाव हुने रौद्ररस काव्यको गुन्डाको इसारामा मुनालाई पथभ्रष्ट गराई सतीत्व हरण गराउने नैनीका चेष्टा एवं उसका कथन सुनेपछि मुनाका गाला राताराता र आँखा क्रोधाग्निले ठुला भएको प्रसङ्गमा रौद्ररस अभिव्यक्त भएको पाइन्छ । यो अवस्था तत्क्षणमै समाप्त भए पनि यसबाट व्यक्त आशयले पूर्वीय परम्परामा पतिव्रता एवं असल गृहिणीका सद्गुणलाई उजागर गरेको देखिन्छ । यसै गरी कृतिमा प्रयुक्त अर्को अङ्गरस वीररस हो । मदनलाई मुनाद्वारा बाटो र त्यहाँका सबै परिवेश नै डरलाग्दा भएकाले नजान आग्रह गरिँदा 'कि मरिछाड्यो कि गरिछाड्यो मर्दको इरादा' (पृ.१) भन्ने मदनको कथनमा र मदन हैजाले थला परेको अवस्थामा साथीहरूले अमानवीय रूप देखाएर उसलाई एक्लै निर्जन वनमै छाड्न लाग्दा आफू अहिल्यै नमर्ने र कालका साथ लडेर उठ्ने दृढता देखाउँदाको प्रसङ्गमा पनि उत्साह स्थायीभाव जागृत भई अन्त्यमा करुणरसको विकासमा सहयोगी बनेको पाइन्छ । यसै गरी भयानकरस यस काव्यमा अङ्गरसका रूपमा प्रयुक्त छ । भय स्थायीभाव मदनलाई भयानक जङ्गल, पहाड, भिरका भोटे, वनका हिंस्रक जन्तु, गाईको आहार भएको परिवेशले युक्त परदेशमा नजान मुनाबाट दिइएका सुझावका प्रसङ्गमा जागृत भएको देखिन्छ । यसै गरी नायकको भोटको यात्राका क्रममा कविद्वारा व्यक्त वर्णनमा पनि भय स्थायीभाव उद्बुद्ध भई अन्त्यमा करुणरसको परिपाकमा सहयोगी बनेको पाइन्छ । यस काव्यमा प्रयुक्त अर्को अङ्गरस अद्भुतरस हो । नायक केही समयका निम्ति परदेश जाँदा नायिका पतिविरहमा छटपटाउँदै दिन रात उसकै सम्झना गर्छे । उसमा कुनै क्षण पनि शान्ति देखिँदैन, हुँदा हुँदा ऊ सपनामा पनि भैँसीले लघारेर हिलामा पछारेको अनिष्टको सङ्केत देख्छे । यस कथनमा अद्भुतरसको स्थायीभाव विस्मय जागृत भएको पाइन्छ । यसै गरी निर्जन वनका बिचमा हैजाबाट थला परेको मदनले राति राँको बलेको र आफूतिरै आएको देखेर भूत आएको हो कि भन्ने व्यक्त कथनमा पनि विस्मय स्थायीभाव उल्लसित भएको देखिन्छ । साथै नायकले कागलाई सन्देश पठाउनु, कागले बुझेजस्तै गरी उड्नुजस्ता प्रसङ्गमा पनि विस्मय स्थायीभाव जागृत भएको पाइन्छ । अन्त्यमा यसले करुणरसको विकासमा सहयोग गरेको देखिन्छ । यस काव्यमा प्रयुक्त अर्को अङ्गरस शान्तरस पनि हो । यो रस कविका मानवतावादी-जीवनवादी दृष्टिकोणहरू प्रस्तुत हुँदा काव्यमा विकीर्ण रूपमा उद्बुद्ध-उद्दीप्त भइरहेको देखिन्छ । काव्यको आरम्भमा मुनाका धनको अस्थिरता र आत्माको नित्यताका सम्बन्धमा व्यक्त कथनबाट नै शम स्थायीभाव उद्बुद्ध-उद्दीप्त हुँदै आमाका, भोटेका, मुनाकै अन्य कथनका साथै कविद्वारा विभिन्न प्रसङ्गमा व्यक्त मानवतावादी-जीवनवादी-कर्मवादी दर्शनमा शम स्थायीभाव रसरूपमा परिणत भएको छ । कवि देवकोटाले

काव्यमा परोक्ष पात्रकै रूपमा उपस्थित भई विभिन्न प्रसङ्गमा आफ्ना विविध मानवतावादी जीवनदर्शन प्रस्तुत गरेका छन् । यी सन्दर्भमा शान्तरस अभिव्यक्त भएको पाइन्छ । यस काव्यले दिन खोजेका सारगर्भित सन्देशको प्रवाह विभिन्न पात्रका माध्यमबाट प्रस्तुत भएको छ। काव्यको अन्त्यमा स्वयं कविद्वारा व्यक्त शरीरको नश्वरता र आत्माको अमरतामाथि प्रकाश पार्दै रोएर नभई जीवनको महत्त्व बुझेर सबैलाई कर्ममा लाग्न दिइएको कर्मवादी, मानवतावादी सन्देशमा शान्तरस अभिव्यक्त भएको पाइन्छ । यसरी ती सम्पूर्ण सन्देश तथा दर्शनको प्रस्तुतिमा काव्यको महत्त्वपूर्ण अङ्गरसका रूपमा प्रयुक्त शान्तरस अभिव्यक्त भई अन्त्यमा करुणरसको परिपाकमा सहयोगी बनेको छ । उल्लिखित रसका अतिरिक्त काव्यमा वात्सल्यरस पनि अङ्गरसका रूपमा ठाउँठाउँमा प्रयोग भएको पाइन्छ । वात्सल्यरसलाई भावका रूपमा मात्र लिने विद्वान्हरू पनि छन् तर विश्वनाथले वात्सल्य प्रेम स्थायीभाव हुने रसलाई वात्सल्यरस भनिन्छ भने यसको चमत्कारमा अन्य रसको चमत्कारभन्दा भिन्नै प्रकारको आनन्द प्राप्त हुने उल्लेख गरेका छन् (साहित्यदर्पण, पृ.२५१) । काव्यमा बुहारी मुनालाई छोरीको माया दिँदा छोरो मदनको अनुपस्थितिमा सधैँ उसको रक्षार्थ ईश्वरसामु प्रार्थना गर्दा, अन्तिम अवस्थामा पनि मदन कहाँ छ भनेर छाम्दा र मदनकै सम्झनामा आँखाभरि आँसु भरिएको भन्ने प्रसङ्गहरूमा पनि वात्सल्यरस उद्बुद्ध-उद्दीप्त हुँदै अभिव्यक्त भएको र अन्त्यमा करुणरसको उद्दीप्तिमा सहयोगी बनेको देखिन्छ । यी रसका अतिरिक्त काव्यमा दिदी र भोटे पात्रका कथन एवं क्रियाकलापमा परारति भावका साथै वात्सल्य प्रेमको र भक्तिभाव पनि ठाउँठाउँमा उद्बुद्ध भएर करुणरसको विकासमा सहयोग गरेको देखिन्छ । यसरी काव्यका विभिन्न सन्दर्भमा प्रकीर्ण रूपमा प्रयुक्त विभिन्न भाव तथा रसले अन्त्यमा करुणरसको परिपाकमा प्रवल सहयोगीको भूमिका खेलेको पाइन्छ ।

**अङ्गीरस**

मुनामदन खण्डकाव्यको मुख्य रस करुण हो । करुणरसको स्थायीभाव शोक हो भने यसमा आलम्बन विभावका रूपमा विनष्ट प्रियजन वा वस्तु, ती व्यक्ति वा वस्तुको सम्झना, सम्झेर हुने छटपटी, पीडा आदि उद्दीपन विभाव हुन्छन् । रुनु, कराउनु, बिलौना गर्नु, मूर्च्छा पर्नु, छाती पिट्नु, आँसु झार्नु आदि अनुभाव एवं विषाद, चिन्ता, दैन्य, अपस्मार, स्मृति, ग्लानि, मोह, निर्वेद आदि व्यभिचारीभावका रूपमा रहेका हुन्छन् । यिनका साथै अन्य अङ्गरसका वितर्क, धृति, आवेग, सन्त्रास, शङ्का, निर्वेद, मति, अमर्ष आदि सञ्चारीभावले विप्रलम्भ शृङ्गार, रौद्र, वीर, भयानक, बीभत्स, अद्भुत्, शान्त तथा वात्सल्यरसमध्ये तत्तत् रसलाई पुष्ट पार्ने काम गरेका छन् । यसरी विभिन्न भावबाट परिपोषित अन्य रसहरूले समेत अन्त्यमा करुणरसलाई परिपाक गराउन सहयोग गरेको पाइन्छ । प्रस्तुत काव्यमा यिनै रससामग्रीको कुशल संयोजनबाट करुणरसको परिपाक भएको छ । काव्यलाई आरम्भदेखि प्रमुख नायिकाको जीवनावस्थासम्म र नायिकाको मृत्युदेखि अन्त्यसम्मका घटना तथा प्रसङ्गहरू एवं परिवेशका आधारमा विभक्त गरी रसको विश्लेषण गर्न सकिन्छ । यसका आधारमा हेर्दा काव्यको आरम्भबाट उद्बुद्ध-उद्दीप्त हुँदै अभिव्यक्तिको अवस्थामा विकसित विप्रलम्भ शृङ्गारका साथै अन्य अङ्गरसहरू पनि नायिकाको एक्कासि मृत्युको प्रसङ्गमा पुगेर करुणरसमा पर्यवसित हुन पुगेको पाइन्छ । नायक लाई परिवारको सम्झनाले पिरोलेपछि साथीहरूसँग फर्कँदै गर्दा ऊ बिरामी पर्छ । यसकारण घर फर्किन विलम्ब हुँदा घरतिर विभिन्न घटना घट्छन् । सँगै गएका साथीहरू फर्किसक्दा पनि ऊ नफर्केको मौका छोपी गुन्डाले मदन मरेको हल्ला मुनाको कानमा पारिदिन्छ । आफ्नो पतिको निधनको खबरबाट आत्तिएकी मुनाको अकस्मात् मृत्यु हुन पुग्छ । यस घटनापछिका सबै प्रसङ्गमा शोकको अविरल प्रवाह बगेको पाइन्छ । नायक भोटेको मानवीय उपचारपश्चात् घरमा आइपुग्दा नातेदार तथा छिमेकीहरूका आँखा भिजेका र उनीहरूले वियोगजन्य विलाप गरिरहेका सुन्दा ऊ पनि विह्वल हुनपुग्छ । ऊ घरमा पुग्दा आमा अन्तिम अवस्थामा पुगिसकेकी हुन्छिन् । यस्तो कारुणिक एवं दैन्य अवस्थाको चित्रण हुँदा शोक स्थायीभाव परिपाक भएको छ । आफूलाई जन्म दिने बुढी आमाले छोराको मुख हेर्नैका लागि अन्तिम श्वास फेर्दै गरेको दारुण अवस्थाले उसलाई मर्मान्त बनाउँछ । यस कारुणिक क्षणमा आमासामु क्षमा माग्दा माग्दैको अवस्थामा आमाको निधन हुन्छ । यस सन्दर्भमा मदनद्वारा व्यक्त भनाइमा शोक स्थायीभाव यसरी अभिव्यक्त भएको छ :

> लौन नि ! लौन भनेर उठे मदन जुरुक्क,
> मूर्च्छामा परे पाउमा, देखी गलाको हिरिक्क
> छोराको मुख हेरेर गइन् कठै ! ती घुरुक्क । (पृ.३५)

विनष्ट प्रियजन आलम्बन विभाव हुने करुणरस शास्त्रीय मान्यताअनुसार आमाको निधन भएको अवस्थामा परिपाक भएको पाइन्छ । यति वेलासम्म कृतिमा नायिकाको मृत्यु नै भइसकेको देखिँदैन तापनि स्वयं आफ्नी आमाको बिछोड भएको प्रसङ्गमा नै करुणरस परिपाक भएको देखिन्छ । लामो समयपछि आफ्नो घरमा प्रवेश गर्दागर्दैको अवस्थामा आमाको निधन हुँदा ऊ नाना बिलौना गर्छ । यही कममा उसको मनमा मुनाको अनुपस्थितिप्रति अज्ञात भय उत्पन्न

हुन्छ । ऊ त्यहाँ उपस्थित छिमेकी, आफन्त र विशेष रूपमा दिदीसँग मुनाका बारेमा यसरी सोधपुछ गर्छ :

भन न भन हे मेरी दिदी ! ती मुना कहाँ छिन्
आमाको यस्तो बिछोड पर्दा देख्दिन यहाँ झन् । (पृ.३५)

उसको कारुणिक एवं दीनतापूर्ण प्रश्नमा शोकभाव उद्वेलित भएको पाइन्छ । दिदीले घुमाउरो किसिमले मुनाको मृत्यु भइसकेको जानकारी दिएपछि मदनद्वारा व्यक्त कथनमा करुणरसको परिपाक भइरहन्छ-

हे मेरी दिदी ! हे मेरी दिदी ! मुना छिन् भन न
ती मुना मेरी पृथिवीमाथि अझ छिन् भन न !
मरेकी छैनन् ती मेरी मुना ज्युँदी छिन् भन न
निठुरी दिदी ! निठुरी दिदी ! मार्‍यौ नि मलाई !
कानमा मेरो विषको घुटका घुटुक्क पिलाई । (पृ.३६)

मुना स्वर्ग गइसकी भनेर दिदीले खुलस्त पारेपछि उल्लिखित कारुणिक कथनहरू मदनद्वारा व्यक्त भएका हुन् । मुनाको र उसका गुणको स्मरणका कारण मदनमा डाहा, छटपटी, पीडाजस्ता भाव अविच्छिन्न रूपमा जागृतिको अवस्थामा रहिरहन्छन् । यो क्रम नायकको मृत्यु नहुन्जेल रहेको देखिन्छ :

हे मेरी मुना ! हे मेरी मुना ! छाडेर गयौ नि !
पूजाकी मन्दिर प्राणकी जञ्जीर तिमी नै थियौ नि !
प्राण छाडेर गयौ नि !
हे मेरी मुना ! हे मेरी मुना ! ओर्लेर आऊ न !
हे मेरी रानी ! मुहार तिम्रो म देख्न पाऊँ न !
उम्लेर आई घाँटीमा अड्क्यो मनको बिलौना
आँसुमा खस्यो मनको बिलौना ! । (पृ.३९)

जन्म दिने आमा र प्राणप्यारी पत्नीको असामयिक निधनबाट विह्वल मदन पश्चात्तापजन्य विरहमा डुबेको छ । उसका अतिरिक्त त्यहाँ उपस्थित अन्य जनका आँखाबाट आँसुका धारा छुटिरहेको चित्रणमा पनि करुणरस निरन्तर परिपाक भइरहेको पाइन्छ । काव्यमा नायक अनायासै आफ्नो परिवारको अवसानको पीडा सहनै नसक्ने अवस्थामा पुगेपछि पश्चात्ताप र शोक विह्वलताको सिकार बनेको छ । ऊ आफ्नो सर्वस्व नै एक्कासि विनष्ट भएपछि आफू मात्र बाँच्नुको कुनै सार नभएको निष्कर्षमा पुग्छ । अब आफू पनि अन्न-जल त्यागेर प्राण विसर्जन गरी स्वर्गमा भेट्ने अठोट गर्छ र कसैका कुरा नसुनी अन्त्यमा प्राण त्याग गर्छ । यी सन्दर्भहरूमा विभिन्न भाव तथा रसका साथै अङ्गीका रूपमा करुणरस परिपाक गराउन काव्यको कथावस्तु पूर्णतः सफल देखिन्छ । काव्यका नायक, नायिका र नायककी आमाको मृत्युको मर्मान्त प्रसङ्गमा पुगेर कथावस्तु टुङ्गिएकाले मुनामदन खण्डकाव्य नेपाली साहित्यजगत्कै सर्वोत्कृष्ट दुःखान्त एवं करुणरसप्रधान महत्तम प्राप्ति बनेको देखिन्छ ।

यस काव्यका नायिका मुना र नायक मदन हुन् । यिनै मुना र मदनका अमर प्रेमकथा नै मुनामदन खण्डकाव्य हो । यिनीहरूकै नामबाट काव्यको नामकरण भएको छ । मूलतः यिनै नायक, नायिका र आमाको सेरोफेरोमा काव्यमा विभिन्न भाव तथा रसको उद्दीप्ति र करुणरसको परिपाक भएको छ । यसमा नायक र नायिकाका क्रियाकलापबाट विप्रलम्भ शृङ्गार, भयानक, शान्तका साथै मुख्य रूपमा करुणरसको परिपाक भएको छ । यसै गरी आमाको भूमिकाबाट काव्यमा वात्सल्य, शान्त र करुणरसको अभिव्यक्ति भएको पाइन्छ । भोटे पात्रका माध्यमबाट कविका निःस्वार्थ समाजसेवा, मानवतावादी, जीवनवादी दर्शन र शान्त एवं परारतिभावको उद्बोधन भएको छ । कवि देवकोटा स्वयं काव्यका विभिन्न सन्दर्भमा आफ्ना स्वच्छन्दतावादी, मानवतावादी, कर्मवादी, भक्तिवादी, नारीवादी, राष्ट्रवादी एवं अध्यात्मवादी दृष्टिकोण प्रस्तुत गर्ने पात्रका रूपमा परोक्ष ढङ्गले प्रयुक्त छन् । प्रकृति नै मानवताको मूल उद्गम एवं उर्वर स्थल हो भन्ने कविको स्वच्छन्दतावादी भाव प्रस्तुत गर्न काव्य सफल भएको देखिन्छ । कृतिमा नैनी, गुन्डा र मदनका साथीका चरित्रबाट नकारात्मक सन्देश प्रवाह हुँदा यिनीहरूबाट कारुणिक परिवेशको सिर्जना गराइएको पाइन्छ । यसै गरी दिदी, छिमेकीहरू जस्ता गौण पात्रका माध्यमबाट परारति तथा शोक स्थायीभावको उद्बुद्धिमा सहयोग मिलेको देखिन्छ । यिनका अतिरिक्त काव्यमा प्रयुक्त ल्हासाका प्रासङ्गिक चरित्र तथा वैद्य आदि सम्पूर्ण पात्रहरूको कुशल संयोजनबाट काव्यको उद्देश्य पूर्ति गराउन पात्रविधान सफल भएको पाइन्छ ।

परिवेशगत दृष्टिले काव्यमा संयोजित कालिक, स्थानिक, सामाजिक, पारिवारिक एवं प्राकृतिक जस्ता मूलतः नेपाली परिवेश यसको आरम्भदेखि विप्रलम्भ शृङ्गारको सिर्जना गर्दै अन्त्यमा शोकाकुल अवस्थाको चरम विकासमा सफल देखिन्छ । परिवेशका सम्बन्धमा अवस्थी (२०६१) ले 'पुरानो सरल अर्थतन्त्रबाट नयाँ जटिल

अर्थतन्त्रको पूँजीवादी युगमा फड्को मारिरहेको सामाजिक गतिशीलताको परिवेशका आधारमा नै यसको कालगत परिवेश स्पष्ट हुनसक्छ' भन्ने उल्लेख गरेका छन् (पृ.१३६-१३७) । यसका आधारमा यसको कालिक परिवेश जहानियाँ राणा शासनको समयलाई लिन सकिन्छ । काठमाडौँदेखि ल्हासा र पुनः काठमाडौँसम्म फैलिएको यसको स्थानिक परिवेशका साथै तत्कालीन काठमाडौँ एवं नेपाल र नेपालीको पारिवारिक, सामाजिक, आर्थिक, धार्मिक,सांस्कृतिक, प्राकृतिक तथा मौलाउँदै गरेको सामाजिक विसङ्गत अवस्था आदि पक्ष पनि परिवेशका रूपमा प्रयुक्त छन् । उल्लिखित परिवेशले काव्यमा करुणरसको परिपाक गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

प्रस्तुत खण्डकाव्य देवकोटाको मानवतावादी दर्शनमा आधारित कृति हो । उनले कृतिमार्फत मान्छेको सेवा नै ईश्वरको सेवा हो भन्ने उद्घोष गरेका छन् । यसै गरी 'कर्ममै पुज ईश्वर भन्छ यो लक्ष्मीप्रसाद (पृ.४०) भन्ने देवकोटाले जीवनको सार्थकता कर्मबाटै प्राप्त हुन्छ । कर्मशील प्रवृत्तिलाई भगवान् प्रसन्न पार्ने साधनका रूपमा लिने कविले यस कृतिमार्फत आफ्ना जीवनवादी, अध्यात्मवादी एवं नश्वरवादी दर्शनको सन्देश प्रवाह गरेका छन् । यसै गरी भौतिक आसक्तिभन्दा आत्मिक प्रेम जीवन्त हुने, मानवीय जीवन नश्वर रहेकाले बाचुन्जेल समाजसेवामा लाग्नुपर्ने, परोपकारमा आनन्द मिल्ने, प्रकृतिमा सत्यता पाइने, राष्ट्रियताको मर्यादा राख्नुपर्ने आदि चिन्तन काव्यले वहन गरेको छ । यसको जीवनदर्शनका सम्बन्धमा अवस्थी (२०६१) ले आत्मवादी जीवनदृष्टिको समर्थन नै मुनामदनको वैचारिक पक्ष हो भन्ने विचार व्यक्त गरेका छन् (पृ.१४०) । यसरी यस काव्यको मूल जीवनदर्शन मानवतावादी, जीवनवादी, अध्यात्मवादी एवं कर्मवादी बन्ने सन्देश प्रवाह गर्नु देखिन्छ । करुणरसको विकासमा यसको जीवनदर्शनले पनि सहयोग गरेको पाइन्छ ।

काव्यमा नेपाली झ्याउरे छन्दको श्रुतिमधुर लय पनि शोकाको अभिव्यक्तिमा सहयोगी बनेको पाइन्छ । यसमा प्रयुक्त शिल्पगत विभिन्न बिम्ब,प्रतीक र स्वतः निर्मित अन्त्यानुप्रास, आद्यन्तानुप्रास, मध्यान्तानुप्रास जस्ता शब्दालङ्कारका साथै उपमा, उत्प्रेक्षा, अतिशयोक्ति, अर्थान्तरन्यास, दृष्टान्त, स्वभावोक्ति, सन्देह आदि अर्थालङ्कारको प्रयोगबाट शैलीगत माधुर्य द्योतित भएको छ । ललित वैदर्भी रीतिका साथै प्रसाद गुणको सहज प्रयोग एवं प्रकीर्ण रूपमा माधुर्य गुणको प्रयोगबाट करुणरसको परिपाकमा सहयोग प्राप्त भएको पाइन्छ । तद्भव नेपाली शब्दको प्रचुरता रहेको यस काव्यमा केही तत्समका साथै आंशिक रूपमा आगन्तुक शब्दको प्रयोग भएको छ । सङ्क्षिप्त प्राञ्जल भाषाशैली, कवित्व प्रवाह, स्वच्छन्दावादी भावधाराभित्र प्रकृतिप्रेम, राष्ट्रप्रेम, मानवतावादी, जीवनवादी, कर्मवादी, आत्मवादी, अध्यात्मवादी चिन्तन एवं सुकोमल पद-पदावलीको कुशल निर्मिति जस्ता विशेषताले समृद्ध प्रस्तुत काव्यको विधात्त्वले करुणरसको परिपाकमा अहम् भूमिका खेलेको पाइन्छ ।

## निष्कर्ष

मुनामदन खण्डकाव्य रसप्रयोगका दृष्टिले उत्कृष्ट रहेको छ । काव्यको विषयवस्तु आरम्भदेखि नै रसाभिव्यक्तिमा अग्रसर एवं सफल भएको पाइन्छ । मुना र मदनका प्रेम र बिछोडलाई नै मूल कथ्यका रूपमा उपयोग गर्दै कविको बहुमुखी जीवनदर्शन प्रवाह हुँदा काव्यका प्रायःसबैजसो घटनामा शोकाकुल अवस्थाको सिर्जना भएको पाइन्छ । नायक र नायिकाको बिछोड र त्यसबाट सिर्जित दारुण अवस्थाको चित्रण हुँदा काव्य करुणरसमय बनेको छ । करुणको परिपाक गराउन खण्डकाव्यत्त्वका साथै रसतत्त्वले महत्त्वपूर्ण भूमिका खेलेका छन् । यसमा अङ्गीका रूपमा करुणरस परिपाक भएकाले चिन्ता, दैन्य, विषाद, मोह, अपस्मार, स्मृति, जडता, मरण, आवेग आदि व्यभिचारीभावले यसलाई पुष्ट पार्ने काम गरेका छन् । घटना तथा प्रसङ्गानुसारका उद्दीपन विभाव र व्यक्त-अव्यक्त रूपमा विभिन्न अनुभावको उचित संयोजन हुँदा शोक स्थायीभाव सन्दर्भानुसार जागृत-उद्बुद्ध-उद्दीप्त-अभिव्यक्त हुँदै परिपाक भएको छ । यसको कथावस्तु, पात्र,परिवेश आदि खण्डकाव्यत्त्वले करुणरसको परिपाकमा उपकारकको भूमिका खेलेको पाइन्छ । विप्रलम्भ शृङ्गार, न्यून रूपमा संयोग शृङ्गार, रौद्र, वीर, भयानक, अद्भुत, शान्त, वात्सल्यरसजस्ता अङ्गरसका साथै भक्ति र परारतिभावले करुणरसको उद्दीप्तिमा सहयोग गरेको पाइन्छ । अङ्गीको प्रतिकूल मानिने अनङ्गरसले समेत सहयोग पुऱ्याएकाले यहाँ महाकवि देवकोटाको रसविधानमा अद्भुत काव्यकौशल प्रतिबिम्बित भएको पाइन्छ । प्रस्तुत काव्यमा सर्वाधिक रसप्रवणताका आधारमा तत्तत् रसको निरूपण गरी कृति करुणरसमा पर्यवसित भएको पुष्टि गरिएको छ । अतः रसप्रयोगका दृष्टिले मुनामदन खण्डकाव्य दुःखान्त एवं करुणरसप्रधान महत्तम प्राप्तिका रूपमा स्थापित छ ।

## सन्दर्भ सामग्रीसूची

अवस्थी, महादेव, (२०६१), लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता, काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

उपाध्याय, केशवप्रसाद, (२०६७), पूर्वीय साहित्यसिद्धान्त, ललितपुरः साझा प्रकाशन ।

दीक्षित, कमलमणि, (२०२७), मुनामदन, (तेइसौँ संस्क.), काठमाडौँः ने.भा. प्र. समिति ।
देवकोटा, लक्ष्मीप्रसाद, (१९९२) मुनामदन, ( तेइसौं संस्क.) काठमाडौँः ने.भा.प्र.समिति ।
नरेन्द्र, (सन् २००१), रस-सिद्धान्त, नयाँ दिल्लीः नेशनल पब्लिशिंग हाउस ।
भट्टराई, ध्रुवप्रसाद, (२०६६), मुनामदनमा रस, मुनामदन समालोचना, काठमाडौँः देवकोटा शताब्दी महोत्सव, पृ. २०२-२०९
भरत, (२०६७), नाट्यशास्त्र, सम्पा. बाबूलाल शास्त्री, वाराणसीः चौखम्बा संस्कृत संस्थान ।
मम्मट, (ई २०१३), काव्यप्रकाश, सम्पा. आचार्य विश्वेश्वर, वाराणसीः ज्ञानमण्डल लिमिटेड ।
विश्वनाथ, (सन् २०१३), साहित्यदर्पण, सम्पा. डा.सत्यव्रत सिंह, वाराणसी, चौखम्बा विद्याभवन ।
शर्मा, सोमनाथ, (२०५८), साहित्य प्रदीप, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।
श्रेष्ठ, दयाराम, (२०६६), मुनामदन समालोचना, काठमाडौँः देवकोटा शताब्दी महोत्सव ।
सहाय, हीरा राजवंश, (इ.१९६७), भरतीय काव्यशास्त्रके प्रतिनिधि सिद्धान्त, वाराणसी : चौखम्बा विद्याभवन ।